बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुड्ढी, कपिलवस्तु

५, नं प्रदेश

पत्र संख्या.:०७४।७५

चलानी नं.: *सूचना ०७५।७६।०१ (प्रशासन)*

मिति:२०७५।०४।२४

## घरभाडामा आवश्यकता सम्बन्धी सूचना

यस नगरपालिका अन्तर्गत वडा न.४ को स्वास्थ चौकी संचालनको लागी तपसिल बमोजिमको सुविधा तथा शर्तहरुमा रही घर भाडामा आवश्यकता भएकोले इच्छुक घरधनीहरुको सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा दिनसक्ने कोठाहरुको विवरण र मासिक घरभाडा रकम समेत उल्लेख गरि निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

**शर्तहरु:**

१. कम्तिमा १० x १० feet साईजका कम्तिमा ४ कोठा र कोठा बराबरको साइज वा सो भन्दा ठूलो वरन्डा वा हल भएको ।

२. शौचालय र खानेपानीको सुविधा भएको ।

३. सेवाग्राहीहरुको आवजावतको लागि सजिलो खुला बाटो भएको ।

४. कम्तिमा मोटरसाइकल र हलुका सवारी सधान पार्किङ गर्न मिल्ने व्यवस्था भएको ।

५. स्थान: बुड्ढी विजगौरी बाटोसंग जोडिएको, बुड्ढी चोक देखि नगर कार्यपालिकाको कार्यालयसम्म कुनै स्थान ।

**संलगन गर्नुपर्ने कागजातहरु**

६. निवेदन दस्तुर: रु.५००।- तिरेको सक्कल रसिद ।

७. आ.व को सम्पत्तिकर तिरेको रसिदको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, घर बनेको कित्ताको लालपूर्जा र निवेदन अनिवार्य पेश गर्नुपर्नेछ ।

८. निवेदनमा सूचना अनुसार कार्यालयले उपलब्ध गराएको ढाँचामा वा स्वयं घरधनीले आफूले घरभाडामा उपलब्ध गराउनसक्ने कोठा संख्या र अन्य विवरण उल्लेख गरि सो को लागि एकमुस्ट बहाल रकम (बहाल कर बाहेक) उल्लेख गर्नुपर्ने छ ।

**अन्य कुराहरु:**

९. पेश हुन आएका कुनै वा प्रस्ताव कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा निहीत रहने छ । पेश भएका प्रस्ताव सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यस न.पा को निर्णय अन्तिम मान्य हुनेछ ।

१०. घरभाडा सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद नियमावली २०६४ को (संसोधन- २०७३) को नियम ९४ बमोजिम र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

०७५।४।२४

केशबराज भट्टराई

शाखा अधिकृत

शाखा अधिकृत